# बाराको देवापुरटेटामा भएको हत्या तथा गाउँले र माओवादीबीचको झडप सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन २०६३

**प्रतिवेदन सार्वजनिक भएको मितिः ०६३ असोज ८ गते**



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
काठमाण्डौ

घटना अध्ययन टोली

१. शिव खकुरेल — इन्सेक, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाण्डौ
२. रोशनराज अर्याल — इन्सेक, मानवअधिकार वर्षपुस्तक प्रतिनिधि, बारा
३. प्रताप विष्ट — इन्सेक, मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि, मकवानपुर
४. ललितबहादुर बस्नेत — संवैधानिक कानुन व्यवसायी मञ्च, काठमाण्डौ
५. हेमन्त न्यौपाने — नेपाल बार एसोसियन मानव अधिकार परियोजना, हेटौडा
६. शारदा लम्साल — सिभिक्ट, काठमाण्डौ
७. सम्मीकपुर शाह — ल्यानकाउ, काठमाण्डौ
८. सूर्य भण्डारी — मानवअधिकार जागरण केन्द्र (हरेक), बारा


घटना भएको मितिः ०६३ भाद्र २२ र २३  गते
अध्ययन गरिएको स्थानः देवापुरटेटा र कोतवाली बारा
अध्ययन गरिएको मितिः ०६३ भाद्र २७ गते

**घटना स्थलको नक्शा**



**घटनाको सारांश**

बारा जिल्लाको सदरमुकाम कलैया देखि करिब २२ किलोमिटर पूर्व दक्षिणमा अवस्थित गाउँ देवापुरटेटामा ५०९ घरधुरी रहेका छन् । गाउँको कूल जनसंख्या ३३८५ रहेको छ । नेपाल गण्डक पूर्वी नहरको बाटोमा रहेको लक्ष्मीपुर कोतवाली देखि दक्षिण करिव ३ किलोमिटर टाढा रहेको देवापुरटेटा निवासी २९ वर्षीया शिवकलिया देवी (पीडित) २०६३ भाद्र २२ गते बिहान अन्दाजी ५ बजे आफनो घरदेखि करिब १०० मिटर उत्तरतर्फ धानखेतमा शौच गर्न गएको समयमा स्थानीय माओवादी कार्यकर्ता बिल्टु भनिने आशमहम्मद मंसुरीले उनलाई बलात्कार गर्ने कोशिस गरेको पीडित शिवकली पीडितवाट खुल्न आयो । सोही दिन दिउँसो घटना सार्वजनिक हुँदा गाउँले रिसाई निजलाई कुटन थाले र सो कुटाईको चोटकै कारण उनको मृत्यु भयो । सो



पीडित शिवकली पंडित

घटनामा गाउँलेलाई उक्साएको आरोप नेकपा (माओवादी) ले पूर्व गाविस अध्यक्ष महावीर साह कानुलाई लगाएका छन् । सोही घटनालाई लिएर २३ गते साँझ करिब ६ बजे माओवादी जनमुक्ति सेना गाउँ प्रवेशगरी पूर्व गाविस अध्यक्ष महावीर साह कानुलाई अपहरण गरि लैजान खोज्दा गाउँले सबै एक भई माओवादीको जनमुक्ति सेनामाथी जाइ लाग्नुका साथै कानुलाई छुटाए । माओवादीसेना र सहयोगी गरेर चार जनालाई आफ्नो कब्जामा लिए । कब्जामा परेका माओवादी सेनाहरूलाई छुटाउन राती ११ बजे तिर करिब दुईसय माओवादीहरूले पुनः गाउँमा बन्दुक पड्काउँदै प्रवेश गरे । सबै घरमा खान तलासी गरी उनीहरुले भेटिएजति सबैलाई कुटपीट गरे । घरका ताल्चा तोडदै घर खान तलासी गर्दै गर्दा महावीर साहकै घरमा स्थानीय गाउँवासीको कब्जामा रहेका माओवादीहरू भेटिए र उनीहरूलाई लिएर हिडे । यसअघि अंध्यारोमा प्रहार गरिएको गोलीबाट स्थानीय युवा वर्ष १७ का रामनरेश प्रसाद यादवको मृत्यु भयो । उनलाई कसको गोली लागेको हो सो यकिन भै नसकेको अवस्था छ । वीरगञ्ज उपक्षेत्रीय अस्पतालमा पोष्टमार्टम पनि भैसकेको छ । तर माओवादीहरूले गोली लागेको ठाउँको एक्सरे गर्न भने दिएनन् । माओवादीको गोली र लठ्ठीले अन्दाजी ३५ जना गाउँले घाइते भएका छन् । माओवादीले मृतक रामनरेश यादवलाई आफ्नो विद्यार्थी सँगठन अखिल क्रान्तिकारीको सदस्य हुन् भनी दावी गरेकाछन् । गाउँले र मृतक रामनरेशका परिवारले आफनो छोरा माओवादी नभएको दावी गर्दछन् । यसै घटनालाई लिएर अनुसन्धान गर्न भनी महावीर साह कानुका छोरा जेधी साह कानुलाई कलैयामा परीक्षा दिएर घर जांदै गर्दा अपहरण गरि लगेको पाइयो । यो घटना पछि धेरै गाउँले पलायन भएका छन । गाउँमा डर त्रासको वातावरण कायमै रहेको छ । गाउँलेहरू दिउसो गाउँमा आएतापनि रातीमा घर छाड्ने गरेका छन । भादौ २६ गते प्रशासनले घुमुवा प्रहरीहरू पठाई पीडित महिला शिवकलियादेवीलाई नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा औषधोपचार गराई उनकै गाउँमा फर्काइसकिएको छ । २६ गतेका दिन देवापुरमा स्थानीय प्रशासनले प्रहरीहरू पठाई घाइतेहरूको उपचार गराईरहेको छ । खाद्यान्नहरू पनि वितरण भैरहेको छ ।



पीडित शिवकलीको च्यातिएका लुगा–कपडाहरू



पिडित युवतीको घर तथा आफन्त



बलात्कार गर्न प्रयास गरिएको स्थान

**घटना विवरण**

जिल्ला बारा देवापुरटेटा-१ निवासी २८ वर्षीय माओवादी सव एसिएम बिल्टु भनिने आशमहम्मद मंसुरलाई २०६३ भाद्र २२ गते राती देवापुरटेटा कै गाउँलेहरूले कुटेर गाउँमै हत्या गरेको पाइयो ।

जिल्ला बारा देवापुरटेटा वार्ड नं. १ निवासी २८ वर्षीय माओवादी सव एसिएम आसमहम्मद मंसुरीले २०६३ भाद्र २२ गते विहिवार बिहान करिव ५ बजे सोही स्थान निवासी २९ वर्षीया शिवकलीया देवी नामकी महिलालाई शौच बस्न खेतमा गएको अवस्थामा उनले बलात्कारको प्रयास गरे । तर असफल भएपछि उनको अनुहार तथा घाँटीमा कुटपिट गरी लुगा च्यातेको अवस्थामा पीडित महिला गाउँमा आई आफ्नो कुरा भन्न नसक्ने अवस्था भएपनि इसाराका आधारमा पीडकको हुलिया बताए पछि गाउँवासीबीच छलफल सुरु भयो । उक्त स्थानका माओवादी इलाका एसिएम राजेश कुशवाहाले आसमहम्मदलाई



गाउँलेको कुटाईवाट मृत्यु भएका बिल्टु भनिने आसमहमद अन्सारी मंसुरी

अनुसन्धानका लागि आफ्नो नियन्त्रणमा राखी अनुसन्धान पछि दोषी पाएमा कार्वाही गर्नेछौं भनी कब्जामा लिएर राखेका थिए । पछि केहि गाउँले र माओवादी कार्यकर्ताहरू सहित भएर स्थानीय जमुनि बाँधको सम्बन्धमा गाउँका सबै मानिसहरू भेला भै बैठक बसेको ठाउँमा लिएर गै घटनाका बारेमा छलफल हुँदा उत्तेजित भिडले निज आशमहम्मद अन्सारीलाई राजेश कुशवाहासँग खोसेर पिट्न थाले । पिट्दै पिट्दै उनलाई गाउँमा लिएर गएको र पछि उनको मृत्य भयो । मृत्यु पछि लासलाई गाउँलेले नै घरसम्म पुऱ्याएका थिए । हत्या भए पछि विहिवार राती माओवादी कार्यकर्ताहरू आत्तिएर गाउँ छाडेकोले बिल्टुका मृत शरिर त्यत्तिकै रह्यो । शुक्रवार साँझ मात्र माओवादीकै सहयोगमा मृत शरिर एम्बुलेन्समा हालेर लक्ष्मीपुर कोतवाली लगिएको पाइयो । मृत शरीर राती ८ बजे कलैया ल्याइपुर्याइएको र पोष्टमार्टमको लागी कलैयामा डाक्टर उपलव्ध नभएकोले शनिबार वीरगंज पठाइ सोही दिन साँझ पोष्टमार्टम गरी लाश परिवारजनले वुझेको पाइयो ।



देवापुर गाउँ

माओवादीले आफ्नो कार्यकर्ता आशमहम्मद को हत्या भएको र सो गराउन गाउँकै पुर्व एमालेबाट विजयी गाविस अध्यक्ष महावीर साह कानुको हात रहेको ठहर गरेकोले साँझ ६ बजे करिव १६ जना जनमुक्ति सेनालाई गाउँ पठायो । गाउँमै लास उठाउन गएको समय देखि केही माओवादी कार्यकर्ताहरू बसेका थिए । उनीहरू र जनमुक्तिसेनाले महावीर साहलाई कब्जामा लिई लैजान थाले पछि सबै गाउँले एक जुट भई जनमुक्तिसेनासँग कानुलाई छुटाउनुको साथै सोही गाउँलेको भिडले जनमुक्ति सेनाका १७ औ बटालिएन वि कम्पनीका कमाण्डर शक्तिमान लगायत दुइजना अरू सेनाका र एक जना मृतक आशमहम्मदका जेठान इनर्वामाल निवासी खुर्सेद आलम समेत चार जनालाई समातेर कानुको जिम्मा लगाए पछि कानुले उनीहरूलाई लगेर आफ्नै घरमा राखेको पाइयो ।



मृतक रामनरेशको घर

राती करिब ११ बजे तिर निजहरूलाई छुटाउन माओवादी कार्यकर्ताहरूको करिब दुईसय पचास जनाको समुह गाउँमा पसि अन्धाधुन्ध गोली चलाउन थाले । सो समय गाउँलेहरूले पनि केही प्रतिरोध गरेता पनि सबै डराएर भागाभाग भएको र माओवादीहरूले जसलाई पायो उसलाई कुटपीट गर्न थाले । महिला, बुढाबुढी समेतलाई पिटेको र गाउँबासीले स्वीकार नगरेता पनि गाउँले् तर्फबाट पनि घरेलु हतियार चलेको वुझिन्छ र उक्त गोलीकाण्डमा गाउँकै १७ वर्षीय एक युवक नरेश यादव (रामनरेश यादव) को मृत्यु भएको पाइयो । गाउँले र परिवारका सदस्यहरूले उनी सर्वसाधारण भएको जानकारी गराए । माओवादीहरूले आफ्ना कब्जामा रहेका कार्यकर्ता खोज्नका लागि गाउँका सबै घरमा खान तलासी गर्दै ताल्चा बन्द भएका घरहरू फोडेर हेर्ने क्रममा केही किराना र औषधी पसलको सामान छरिएको र लुटिएको

पाइयो । माओवादी सेनाले महावीर प्रसादलाई खोजी गरेकोमा माहावीर प्रसाद नभेटिएता पनि सेना कमाण्डर लगायतका अन्य पार्टी कार्यकर्ताहरूलाई छुटाएर लिएर गए । गाउँमा गोली लागेर लडेका रामनरेश यादवलाई पनि सँगै लिएर गएको र त्यहाँबाट बीरगंज नारायणी उपक्षेत्रिय अस्पताल उपचारको लागी लगिएकोमा निजको अस्पताल पुग्दा मृत्यु भएको र माओवादीले उक्त लासमा रहेको गोलीको एक्सरे गर्न नदिएकोले कस्को गोलीबाट रामनरेशको मृत्यु भएको छुट्याउन नसकिएको देखिन्छ । पोष्टमार्टम पछि मृतक रामनरेश प्रसाद यादवको लास बीरगञ्ज बजार घुमाइएको पाइयो ।


घाईते दिपाल साह

माओवादीले रामनरेश यादवलाई आफ्नो कार्यकर्ता हो ३,४ महिना अघि मात्र अखिल क्रान्तिकारीको सदस्यता लिएका हुन । उनले गाउँ कमिटी हेर्ने काम गरेको दावी गरिएको छ ।

माओवादीले चलाएको गोली काँधमा लागी देवापुरटेटा वडा नं. ३ का ब्रम्हनारायण यादव घाइते भई उपचारका लागी भारतको मोतीहारी लगिएको रहेछ । बन्दुकको कुन्दा, खुकुरी र लठी लागी भिडन्तको क्रममा जयनारायण प्रसाद यादव, कपिल यादव, दिन दियाल साह कानु, मकेश्वर महतो नुनिया, सिताराम महतो, गदन यादव, राम असिष यादव, वच्चा पासवान, हिरमत पासवान, विध्यानन्द प्रसाद यादव, प्रभु यादव, नागेन्द्र, प्रमोद यादव, मिश्रीलाल यादव, सत्यनारायण महतो, सिकिन्दर यादव, हवलदार यादव, प्रेम प्रसाद यादव, श्रीमती नगिना देवी, उमेश यादव, राजेश्वर प्रसाद यादव, हरिचन्द्र यादव, सिताराम महतो लगायतका गाउँलेहरू घाइते भएको कुरा बुझिन आयो । उपचारको क्रममा केही भारत तर्फ र केही च्युटाहा, सिम्रौनगढ गई औषधी गरिरहेका छन । जिल्ला प्रशासनले पठाएको प्रहरी र स्वाथ्यकर्मीको टोली पुगेको दिन २७ गते २९ जना घाइतेले गाउँमै उपचार गराउदै गरेको पाइयो ।

माओवादीले गाउँ नजिकै निर्माण भइरहेको जमुनी बाँधमा काम गरिरहेका गाउँकै भोला राय यादव, कृष्ण चन्द्र यादव, हृदय यादव, रामाज्ञा राय यादव, सुखल यादव, राम अयोध्या यादव समेत ६ जना र कलैयाबाट गाउँ फर्किरहेका सोही गाउँका टयाक्टर मालिक नन्दलाल यादवका भाई नवल प्रसाद यादव र चालक मनोज यादवलाई लक्ष्मीपुरकोतवालीबाट नियन्त्रणमा लिएर गएकोमा भाद्र २४ गते राती सबैलाई छाडेको पाइयो । भाद्र २४ गते दिउँसो कलैयाबाट महावीर साहका छोरा जेधि साहलाई माओवादीहरूले नियन्त्रणमा लिएको पाइयो । कलैया भरतचोकमा पत्रकारहरूकै अगाडी खुलम खुल्ला कब्जामा लिई कारवाही गर्छौं भनी सार्वजनिक रूपमै भनेको जानकारी पाइयो ।


घाईते नन्दलाल पासवान

## देवापुरटेटा घटनाको सम्बन्धमा सरोकारवालाको भनाई

**सुवाष यादव, देवापुर- ३, वर्ष २४**

गाउँमा जमुनी बाँधको विषयलाई लिएर एकैठाउँमा भेला भई गाउँलेहरू मिटिङ गरिरहेका थियौं । त्यहाँ एकाएक गाउँमा बलात्कार भएको घटनाको कुरा लिएर मान्छेहरू पुगे । बलात्कार गर्ने मान्छेलाई नै लिएर आएका थिए । बलात्कार गर्ने मानिस चाँही माओवादी कार्यकर्ता बिल्टु भनिने आश महम्मद मन्सुरी थियो । २२ गते सबेरै बिहान ५ बजे बलात्कार भएको गाउँमा हल्ला चलिरहेकै थियो । बिल्टुलाई पक्रेर मिटिङ भएको ठाउँमा ल्याउना साथमा माओवादी कार्यकर्ताहरू पनि थिए ।

शुरूमा बिल्टुलाई माओवादीले नै लान खोजे । बिल्टुको दोष स्विकार्दै हामीनै कारवाही गर्छौं पनि भने । तर गाउँलेले ठिक छ कार्वाही गर्नुहोस तर कार्वाहीको जिम्मा कसलाई लगाउनुहुन्छ तपाईंहरू यसको न्याय दिनुहोस तपाईहरूले दोषीको छानविन गर्नु भएको छ ? सत्य तथ्य पत्ता लाएकै छ अब के गर्नु हुन्छ ? तपाइले जनतालाई उपयुक्त दिनु पर्छ । बलात्कारका घटना कतिपल्ट भइसकेको छ कसरी छोड्ने भन्दा उहाँहरू दोषीलाई कारवाही गर्ने कुरामा आलटाल गर्न थाल्नुभयो । अनि बिल्टुलाई गाउँलेहरूले नियन्त्रणमा लिए । उसलाई सामाजिक दण्ड दिने क्रममा अलि अलि पिटाइ गर्दागर्दै घरसम्म पुऱ्याइ दिएका थिए । घरमा पुगेपछि हृदयघात भएर मऱ्यो की कसरी मऱ्यो थाहा भएन । सोही दिन राती भएको गाउँले र माओवादी बीचको भिडन्तको घटनालाई माओवादीहरूले एमालेका पूर्व गाविस अध्यक्ष महावीर मुखियालाई

आरोप लागाइएको छ । महावीर मुखिया दोषी होइन । सबै गाउँबासी उत्तेजित भएर बिल्टुलाई पिटपाट गरेको हो । कुनै छलकपट नगरी सत्यतथ्य सार्वजनिक गर्नुपर्दछ । नालेश गर्ने हो भने २०/२५ जनालाई होइन पुरै गाउँबासीलाई गर्नुपर्दछ । लास कसैले उठाउन आएन दिनभर माओवादी पार्टी कार्यकर्ताको ओहोरदोहोर, यताउती आउने, टेलिफोन गर्ने जस्ता काम भैरह्यो ।

दिउँसो ३:३० बजे मोटरसाइकल चढेर आएका इन्सेक प्रतिनिधि फर्केको ५/१० मिनेटमै साँझ साढे पाँच बजे ३०/३५ जना माओवादी जनमुक्ति सेनाहरू बन्दुक पड्काउदै आए । आउने वित्तिकै महावीर मुखियालाई समात्ने हल्ला चल्यो । उनीहरूको मुखियासँग फाइट पनि भयो । सानोछोरा जयकरन सहित मुखियालाई समात्न खोजेपछि मुखियाले हारगुहार गरे । सबै गाउँलेहरू जम्मा भै वहाँलाई बचाउन प्रतिकार गऱ्यौं । माओवादीहरूलाई फर्कायौं । डा भोला साव र गाउँले समेतले १०/१२ जनालाई कुटपिट गरी ४ जना माओवादीलाई समातेर राख्यौ । समातिएका माओवादीलाई राती राम्रो व्यवहार गरेर राख्यौ । ११ बजेसम्म खानदिएर उपचार गरिराख्यौ । कतिखेर माओवादी आउलान भन्ने डर थियो । त्यसैले सुरक्षार्थ पहराका साथ जागरूक भई बस्यौं । एक्कासी राती ११ बजे गाउँको पश्चिम कोतवालीबाट फायरिङ गर्दै माओवादीहरू आए । अन्धाधुन्दा गोली चलाउन थाले । घर घरमा गोली चलाइयो । गाउँलेहरूलाई अन्धाधुन्दा कुटपिट पनि गरियो । त्यही क्रममा ने.वि.संघका राम नरेस यादव गोलीको शिकार हुनु भयो । ब्रम्हनारायण यादव पनि गोली लागेर घाइते हुनुभयो । ३०/३५ जना घाइते भए । अहिले सम्म ३ जनालाई अस्पतालमा राखिएको छ । राती ११ बजेदेखी १२ बजेसम्म भिडन्त भयो । जमुनी बाँधमा गएर समेत लुटपाट, कुटपिट भयो । बाँध पनि भत्काए । घटनाका कारण विद्यालय पनि बन्द छ ।

**राघव प्रसाद यादव**
**महेन्द्र आदर्श गाविस वडा नं. १, वर्ष ४६**

घाईते रामनरेश यादवलाई विरगञ्ज लगेर उपचारको क्रममा मृत्यु भएपछि माओवादीहरूले रामनरेशको लास लिएर जवरजस्ती गाडीमा राखेर शहीद घोषित गरे । विरगञ्जमा वहाँहरू १ हजार जत्ति हुनुहुन्थ्यो । हाम्रो केही लागेन । रामनरेश माओवादी पार्टीमा लाग्ने मान्छे थिएन । अहिले उक्त घटना पछि गाउँका ४० प्रतिशत जनता बाहिर भागीसकेको छन् । हामीले माओवादिसँग कुरा पनि गऱ्यौं । उहाँहरूले पक्रेका गाउँलेहरूलाई रिहा गर्नुहोस भन्दा अरू सबैलाई रिहा गरेपनि जेधिलाइ रिहा गरेनन् । अनुसन्धान पछि रिहा गर्छु भन्ने आश्वासन दिएका छन् ।

**चन्द्रिका प्रसाद**
**देवापुटेटा गाविस वडा नं. ८, वर्ष २८**

मुखिया र उनको छोरा आउने वातावरण नहुन्जेल विस्तापित भएका गाउँलेहरू फर्कने वातावरण बन्दैन ।

**घाईते नन्दलाल प्रसाद यादव**
**देवापुरटेटा गाविस वडा नं. ८ वर्ष २२**



घाईते नन्दलाल प्र.यादव

मलाई भदौ २३ गते शुक्रबार राती ११ बजेतिर गाउँबाटै पक्रे । हात बाँधेर कोतवालीसम्म कुटपिट गर्दै लगे । कोतवालीबाट मेरै ट्याक्टरमा चढाएर ड्राइभर मनोज प्रसाद यादव सहित हामीलाई वरियापुर पुऱ्याइयो । वरियापुरबाट भोलिपल्ट दिउँसो ४ बजेतिर मात्र ट्याक्टर सहित हामीलाई छोडे । सोही ट्याक्टर चढेर गाउँ फर्क्यौं । उनीहरूको पिटाईवाट मेरो पाखुरामा समेत गहिरो चोट लागेको छ ।

**रामअसिस प्रसाद यादव, बाँध रूघ्न बसेका व्यक्ति**

२३ गते शुक्रबारको राती १२ बजे म बाँध कै छेउमा सुतिरहेको थिएँ । म सुतिरहेकै ठाउँमा एक हुल माओवादी आए । मलाई लाठी लाठीले कुटे । बाँध रूघुवा हामी ८ जना थियौ । अरू ५ जना ड्राइभर पनि थिए । उनीहरूले शुरूमा १३ जनालाई नै नियन्त्रणमा लिए । पछि ७ जनालाई छोडेर ६ जनालाई भने उनीहरूसँगै लिएर गए । त्यहाँ रहेको अन्न चामल पनि आफुसँगै लिएर गए । म लगायत ६ जनालाई भने दुई दिन पछि मात्र मुक्त गरे । बाँध पनि भत्काइदिए ।

**रामअसेस यादव वर्ष ६५**
**मृतक रामनरेशका बाबु**

छोराको अस्ती भर्खर बैशाखमा विवाह भएको थियो । उ माओवादी होइन ।


मृतक रामनरेशको परिवार

**दिपाल साह, देवापुरटेटा गाविस वडा नं. ६ वर्ष १७**
**घाइते**

मलाई भदौ २३ गते शुक्रबार साँझ ५ बजेतिर गाउँबाटै पक्रे । हात बाँधेर कोतवाली लक्ष्मीपुरसम्म कुटपिट गर्दै लगे । साँझ ६ बजेतीर गाउँलेहरू कोतवाली पुगे र उनीहरूको कब्जाबाट छुटाएर ल्याए ।

**पार्वतीदेवी (बर्ष ५०)**
**पीडित शिवकलीकी सासु**

मेरी बुहारी भदौ २२ गते बिहान ५ बजे सौच गर्न खेत गएकी थिई । रूँदै, चिच्याउदै आई । लुगा पनि च्यात्तिएको थियो, मुख आँखा फुलेको थियो । उ घर आईपुग्दा धेरै मानिसको भिड लागिसकेको थियो । घर आईपुग्ने बित्तिकै बेहोस भईहाली । उ बोल्न सक्ने स्थितीमा थिइन । उसले हातको इसाराबाट बलात्कार गर्न खोज्नेको हुलिया बताइरहेकी थिई । छोरा अहिले डराएर घरमा बस्न सकेको छैन ।

**सकिना खातुन, मृतक बिल्टुकी श्रीमती**

श्रीमान बिहान ९ बजेसम्म घरमै सुतिरहनु भएको थियो । उठेर खाना खाई घोडासन जानुभएको हो । राती ८ बजे घोडासनबाट फर्केपछि गाउँलेले घरबाटै उनलाई समातेर लगी रातभर कुट्तै मारेर लास बाँसमा बाँधेर घरमा ल्याएर फ्यालिदिए । मेरो श्रीमानले केही कसुर गरेको छैन । ९ बजेसम्म घरमै सुतिरहेको मान्छेले कसरी बिहान बलात्कार गर्छ ।

## घटनाका सम्बन्धमा प्रशासनको भनाई

**भोला प्रसाद शिवाकोटी**
**प्रमुख जिल्ला अधिकारी, बारा**

बिल्टु भनिने त्यस व्यक्ति पटकपटक त्यस खाले घटनामा संलग्न भइरहेको व्यक्ति हो । ऊ माओवादी कार्यकर्ता पनि हो । गाउँलेले माओवादीहरूलाई साथ दिन छाडेका छन् । घटना भएको जानकारी पाएपछि हामीहरूले अर्को घटना नहोस भनेर के गर्ने भन्ने विषयमा नागरिक समाजसँग छलफल गर्‍यौं । घटना भएको गाउँमा प्रहरी पठाउने निर्णय पनि भयो । सो अनुसार प्रहरी पठाउँदा कोतवालीसम्म पुगेकोमा त्यहाँबाट माओवादीहरूले प्रहरीहरूलाई अगाडी बढ्न दिएनन् । पछि फेरी प्रहरीहरूलाई गाउँमा जान दिए । हामीहरूले औषधी र खाद्यान्नका सामाग्री सहित प्रहरी परिचालन गर्‍यौं । घाइतेहरूको उपचार भैरहेको छ । पीडित महिलालाई सिभिल प्रहरी पठाएर उपचारका लागि विरगञ्जमा ल्याएका छौं । विद्यालय पनि आजैबाट सुचारू भएको छ । अहिले स्थिती सामान्य बन्दै गइरहेको छ । पछिल्लो घटनामा मारिएको रामनरेश यादव माओवादी कार्यकर्ता नभएको जानकारी हामीलाई आएको छ । यस घटनालाई आचारसंहिता विपरितको जघन्य अपराधको रूपमा हामीले लिएकाछौं ।

**मधु पुडासैनी**
**प्रहरी उपरिक्षक, बारा**

यो घटना भदौ २२ गते भएको हो । देवापुरटेटा गाविस वडा नं. ६ निवासी शिवकली देवि यादवलाई बलात्कार गरिएको भन्ने हल्ला आयो । पीडक माओवादी कार्यकर्ता बिल्टु भनिने आश महम्मद अन्सारी रहेकोले यस घटनाले माओवादी भित्र पनि चासो रहेको जानकारी आयो । बेलुका गाउँलेले कुटेको र बिहानीको ४ बजे उसको मृत्यु भएको रहेछ । माओवादी सेनाको एक समुह रातीको समयमा सो गाउँमा गएर महावीर यादवलाई मार्नुपर्छ भन्दै उसको खोज गर्न थालेको र सोही क्रममा गाउँले र माओवादी बीचको भिडन्तमा परि स्थानीय युवा रामनरेश यादव घाइते अवस्थामा विरगञ्ज ल्याउँदा मृत्यु भयो । मृत्यु पछि उसको पोष्मार्टम गरी गोली लागेको स्थानको एक्सरे गर्न लाग्दा माओवादीहरूले रोकी अस्पताल नै घेराउ गरी एक्सरे गर्न दिएनन् । उसको लासलाई विरगञ्ज नगर परिक्रममा गराए । गाउँमा पुन घटना नदाहोरियोस र शान्ति सुरक्षा कायम राख्न प्रहरी पठाउने निर्णय गरी त्यस तर्फ प्रहरी पठाइयो । तर माओवादीहरूले बिचबाटैमा रोके । माओवादी जिल्ला सेक्रेटरी शिवचन्द्र कुशवाह उर्फ जमिन लाई फोन गरी प्रहरीलाई नरोक्न भनें । पछि प्रहरीलाई त्यस स्थानमा जान दिइयो । प्रहरी र स्वास्थ्यकर्मी गएर घाइतेको उपचार भैरहेको छ । खाद्य सामाग्री पनि वितरण भैरहेको छ । पीडित महिलालाई पनि सिभिल प्रहरी पठाएर विरगञ्ज ल्याई उपचार पछि कलैया ल्याइएको छ । उनीसँग बयान लिंदा बलात्कारको प्रयास मात्र भएको भन्ने कुरा आएको छ । मृतक बिल्टुको तर्फबाट उनका बाबु स्माइल मिँया अन्सारीले ज्यान मुद्दाको जाहेरी दिएको छ । अहिले त्यस गाउँको स्थिती सामान्य हुंदै गएको छ ।

## राजनीतिक दलहरूको भनाई

**लालबाबु सिंह**
**सभापती नेपाली कांग्रेस, बारा**

साच्चैं भन्ने हो भने घटना लगत्तै हामी पार्टीका मान्छेहरू गाउँ नजानुलाई मैले डर कै रूपमा लिएको छु । व्यक्तिगत रूपमा गरिने पहल भने गरिरहेकै छौ । हामी त्यो ठाउँमा जाँदा लडाई भैहाल्थ्यो, गोली चलिहाल्थ्यो । माओवादीले काँग्रेस र एमाले त्यसमा पनि अझ बढी एमालेलाई निशाना बनाएका थिए । रामनरेश ने.वि.संघ हुन् या होइनन् भन्ने सन्दर्भमा उनी पार्टीको सम्पर्कमा त थिएनन् । सदस्यता पहिले नै लिए नलिएको थाहा छैन । पार्टीको कुनै फङ्सनमा पनि थिएनन् । तर उनी माओवादी पनि नहुनु पर्ने हो । उनी काँग्रेस, कम्युनिष्ट, माओवादी भन्नु भन्दा पनि एक नागरिक हुन् । यो घटना माओवादी ज्यादतीको पराकास्ठा हो । जसको जनताले खरो प्रतिकार गरेका छन् । प्रतिकार हुन नसकेका यस्ता घटनाहरू त गाउँमा अझै कति छन् कति ।

**अच्युत प्रसाद मैनाली**
**सचिव, ने.क.पा.एमाले, बारा**

जिल्ला तहबाट सुरक्षाका कारण त्यस स्थानमा पुग्न सकिएको छैन । समस्या निराकरण गर्न स्थानीय कार्यकर्ताको परिचालन गरिएको छ । बिल्टु भनिने मानिस त्यस्ता अन्य घटनामा पनि संलग्न मानिस हो । उनीहरूमा हतियारको उन्माद बढेको छ । त्यसै कारणले उनीहरूले त्यस्ता घटनाहरू घटाइरहेका हुन् । जनतामा पनि भिडले जे गरेपनि हुन्छ भन्ने उन्माद बढेको छ । त्यसकै परिणाम हो त्यो घटना । त्यस गाविसमा विगत देखि नै एमालेको राम्रो बर्चस्व रहेको छ । घटनामा दोषी भनेर आरोप लगाइएका महावीर यादव एमालेका पूर्व गाविस अध्यक्ष पनि हुन् । एमालेको बर्चस्वलाई भत्काउन माओवादीहरूले उहाँ माथि आरोप लागाएका हुन् । यदि त्यस घटनामा एमाले दोषी हो भने उनीहरूसँग हामीहरू वार्ता गर्न तयार छौं । उनीहरूले एमालेलाई आरोप लगाएर राजनैतिक रंग दिने दुष्प्रयास मात्रै हो । अहिलेको अवस्थामा जनतासँग त्यस्तो कुनै हतियार नभएकाले रामनरेस उनीहरूकै गोलीका कारण मरेको हुन सक्दछ भन्ने लाग्दछ । महावीरको छोरालाई परीक्षा दिन आएको स्थानबाटै अपहरण गरेर लानु भनेको यो नियोजित षड्यन्त्र हो । यस घटनाको मानवअधिकार र नागरिक समाजले निष्पक्ष रूपमा छानविन गरी यथार्थता बाहिर ल्याउनु पर्दछ ।

**शिवचन्द्र कुशवाह उर्फ जमिन**
**जिल्ला सेक्रेटरी, नेकपा (माओवादी), बारा**
**टेलिफोन वार्ता**

देवापुरमा तीनवटा घटना हुनपुगे । एउटा हाम्रो साथी बिल्टुलाई बलात्कारीको आरोपमा एमालेका महावीर साहको इसारामा गाउँलेले पिटेर मार्ने काम गरे । अर्को हामीले पक्राउ गर्न हाम्रा मान्छेहरू

पठायौ । बलात्कारीलाई पीडितले चिनेको पनि रहेनछ । त्यत्तिकै शंकाकै आधारमा बिल्टुलाई मार्ने काम भयो । बिल्टु हाम्रो मान्छे थियो । घटनामा उसको नाम मुछिएपछि अनुसन्धान गर्नु हाम्रो कर्तव्य थियो । तर बिल्टुलाई दिउँसो १२ बजे पक्रेर महावीरका मान्छेले रातभरी कुट्दा कुट्दा मारेको खबर म सँग आयो । हामीले जनमुक्ति सेना पठायौ । जनमुक्ति सेना घटना बुझ्न र अपराधी महावीरलाई पक्राउ गर्न गाउँ गएको हो । महावीरलाई जनसेनाले पक्र्यो पनि तर उसका मान्छेले उसलाई छुटाए । उ अहिले भागि भागि हिँडेको छ । यदि बिल्टु दोषी नै थियो भने पनि दण्डका धेरै उपायहरू थिए । उसलाई मारेर मानवअधिकार र जेनेभा सन्धी विपरित काम गरिएको छ । महावीरका लठैतले हाम्रा साथिहरूलाई पक्राउ गरेर आक्रमण गरिरहेका छन् भन्ने सुनेपछि उनीहरूको ज्यान जोगाउन हामीले गाउँ जाने निर्णय गऱ्यौं । हाम्रो उद्देश्य जनतालाई कुनै नोक्सानी पुऱ्याउने थिएन । हाम्रा साथी छुटाउने मात्र थियो । त्यसैले माइक लिएर जाने सल्लाह भयो तर माइक पाएनौं । म सहित जनमुक्ति सेनाहरू राती ११ बजे हवाईफायर गर्दै गाउँ गयौं । हामी गाउँको छेउ पुग्दा महावीरका लठैतले हल्लाखल्ला गर्दै फायरिङ गर्न थाले । हाम्रो तर्फबाट हवाईफायर मात्र गऱ्यौं । हाम्रा साथिहरू छुटाउन सफल भयौ । भिडन्तमा हाम्रा साथी रामनरेश महावीरका लठैतको गोली लागेर मरेका छन् । उनलाई १२ बोरको छर्रा लागेको छ । रामनरेश हाम्रो विद्यार्थी संगठनका मान्छे हुन् । उनी गाउँ कमिटिमा रहेका छन् । उनका नाता आफन्त पनि हाम्रा सहयोगी हुन् । हाम्रा साथी नपक्डेको भए हामी जानु पनि पर्ने थिएन । दोश्रो गल्ती उनीहरूले बिल्टुलाई समातिसकेपछि पिट्ने मार्ने सम्मको काम गरे ।

हामीले पक्राउ गरेर राखिएको व्यक्ति जोधि साह महावीरको छोरा हो । बिल्टुलाई उ समेत भै कुटी कुटी मारेको हो । त्यसैले उसलाई हामीले अनुसन्धानमा राखेका छौ । हामी अनुसन्धान गरेर निकास दिनेछौ । उसको विषयमा उसका परिवारले कुनै चिन्ता लिनु पर्दैन भन्ने कुरामा हामी विश्वास दिलाउछौ । घटनाका कारण जनताहरू भयभित छन् भन्ने कुरा हामीले पनि सुन्यौ । त्यसैले म सहित हाम्रा ५ जना जिम्मेवार साथीहरू गाउँमा गएर गाउँलेलाई भेला पाऱ्यौं । उनीहरूलाई बतायौं की हेर्नुहोस् हाम्रो लडाई तपाईहरूसँग होईन । घटनाप्रति हामी माफी माग्छौ । तपाईहरू आतंकित नबन्नुहोस् । डरले जो जो गाउँ छोड्नुभएको छ गाउँ फर्कनुहोस् । हामीले त्यती भनिसकेपछि गाउँ अहिले सामान्य भैसकेको छ । आमजनता घर फर्किसकेका छन् । घटना गराउने पक्ष मात्र आतंकित छ र गाउँ फर्कन सकेका छैनन् । महावीर भागि भागि हिडेको छ । हामी हत्यारालाई चैं छोड्दैनौ । पुरानो सरकारसँग पनि हामीले हत्यारालाई कारवाहीको माग गरेका छौ । बिल्टुलाई गाउँलेले मारेकै होइन । एमालेको एक समुहले मारेको हो जसको नेतृत्व महावीरले गरेको छ । भिड तितर वितर गर्ने क्रममा केही गाउँलेहरूले कुटाई पनि खाए । त्यसमा हामी आत्मालोचित छौ । हाम्रो पार्टी आत्मालोचित छ ।

## निचोड तथा सिफारिश

- स्थानीय २९ र्वीय विवाहिता युवती शिवकली पडित सौ?शौ?च गर्नका लागि २०६३ भदौ २२ गते बिहानी ५ बजे आफ्नो घरदेखि अन्दाजी १०० मिटर उत्तर तर्फ खुल्ला धानबारीमा गएको मौका पारेर सोही गाउँ बस्ने माओवादी कार्यकर्ता बिल्टु भन्ने आस महम्मद मन्सारीले पीडित युवतीलाई बलात्कार गर्ने उद्देश्यले कुटपीट गर्ने, लुगा च्यात्ने लगायतका कृयाकलाप गरेको पाइयो ।
- बिल्टुलाई गाउँलेहरूले कुटपीट गरी मारेको पाइयो । कसैलाई पनि कानून हातमा लिई सजाय दिने विशेषाधिकार छैन । बिल्टु निशस्त्र रहेको पाइयो । उनलाई कुटपीट गर्दाको समयमा कुनै किसिमको दोहोरो भिडन्त नभएको पाइयो ।
- बिल्टुको हत्या पश्चात नेकपा (माओवादी) बाराका जिल्ला सेक्रेटरी जमिन भनिने शिवचन्द्र कुशवाहको नेतृत्वमा माओवादी कार्यकर्ताहरू हातहतियारसहित देवापुरटेटा गाउँमा प्रवेश गरी हतियार र शक्तिको प्रयोग गरी गाउँलाई आतंकित पारेको पाइयो । स्थानीय सर्वसाधारण र माओवादी कार्यकर्ताबीचको भिडन्तमा परेर स्थानीय युवा रामनरेशप्रसाद यादवको मृत्यु भएको र ३० जना भन्दा बढी घाइते भएको पाइयो । मृतक रामनरेशलाई नेकपा (माओवादी)ले आफ्ना कार्यकर्ता भनी दावी गरे पनि उनका परिवार र स्थानीय गाउँलेहरूले अस्वीकार गरेका छन् । माओवादीहरूले मृतक राम नरेशको गोली लागेको ठाउँको एक्सरे गर्न नदिएको पाइयो ।
- घटनाको जानकारी पाइसकेपछि प्रहरी घटनाको छानबिनका लागि जाने प्रयास गर्दा शुरूमा माओवादीद्वारा रोकिएको पाइयो । प्रहरी र माओवादी बीच भएको सम्पर्क पछि घटना भएको ५ दिन पछाडि मात्र प्रहरी र स्वास्थ्यकर्मी घटनास्थल पुगेको पाइयो । बिल्टुको हत्याका सम्बन्धमा जाहेरी दर्ता गरिएको र अन्य घटनाको सम्बन्धमा थप सक्रियता नलिएको पाइयो ।

- माओवादीहरूले उक्त घटनामा एमालेका कार्यकर्ताहरूको संलग्नता रहेको भनी आरोप लगाई देवापुरटेटाका पूर्व गाविस अध्यक्ष महावीर साहलाई प्रमुख जिम्मेवारको रूपमा लिई अपराधीलाई नछोड्ने भनी धम्की दिएको पाइयो ।
- घटनामा माओवादी र गाउँलेहरू जिम्मेवार रहेको पाइयो ।
- माओवादीले आफूले पटकपटक मानवअधिकारको रक्षाका लागि गरेको प्रतिवद्धता र पच्चीस बुँदे आचारसंहिताको उल्लंघन गरेकोछ ।
- घटनाका दोषीहरूलाई कारबाही गर्नका लागि सरकारी तर्फबाट सक्रियता नरहेको पाइयो साथै सो कार्यमा माओवादीले पनि अवरोध खडा गरेको पाइयो ।
- सन्धि अनुगमन समन्वय समिति ने क पा (माओवादी)सँग व्यक्तिको जीवनको अधिकारको उल्लंघन गर्ने यस्ता कार्य तत्काल रोक्न, पार्टीको नाममा पुनः व्यक्ति हत्याको धम्की दिदैं हिड्ने कार्यकर्ताउपर नियन्त्रण कायम गर्न वा अपराधमा संलग्न कार्यकर्तालाई कानुनी कारवाहीका निम्ति प्रशासनसमक्ष बुझाउन माग गर्दछ । साथै, पार्टीको नाममा गैरकानुनी हिरासत चलाउन र कारवाहीको नाममा सर्वसाधारणको अपहरण गरी कब्जामा राख्ने जस्ता गतिविधि तत्काल बन्द गर्न समेत हामी ने क पा माओवादी समक्ष माग गर्दछौं ।
- सन्धि अनुगमन समन्वय समिति सरकारसँग यो घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कानुनी कारवाही चलाउन माग गर्दछ ।